नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सूचना तथा प्रविधि शाखा

सिंहदरबार, काठमाडौं

प.सं.: २०७९/८० मितिः- २०७९ श्रावण २० गते

च.नं.: ८२

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिं... काठमाण्डौं

विषयः आदेश कार्यान्वयन सम्वन्धमा ।

श्री स्थानीय तहहरु — सबै ।

प्रस्तुत विषयमा राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ङ) बमोजिम मिति २०७९।४।५ मा जारी भएको आदेश यसै साथ संलग्न रहेको छ । उक्त आदेश सवै स्थानीय तहहरुले आफ्नो कार्यालयमा एवम् आफ्नो स्थानीय तहका सार्वजनिक निकायहरुमा समेत कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

मित्रलाल शर्मा
उपसचिव एवम् सूचना अधिकारी

बोधार्थः
श्री राष्ट्रिय सूचना आयोग,
बानेश्वर १०, देवीनगर, काठमाडौं ।

फोन नं. : (+९७७)-(१)-४२००३०६
इमेलः it.section@mofaga.gov.np, बेवसाईटः www.mofaga.gov.np
"सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन"

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग
## सूचना आयुक्त कमला ओली थापा
## सूचना आयुक्त रत्नप्रसाद मैनाली

## आदेश

आ. २०/०७९/८०

**श्री सचिव**
**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरबार, काठमाडौं ।**

**विषयः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ङ) बमोजिम जारी भएको आदेश ।**

यही असार २६ गतेको bizpati.com मा “सरकारी वेवसाइटबाटै सूचना अधिकारीको नम्बर गायव; कानूनको उल्लंघन, सुशासनको खिल्ली” शीर्षक रहेको समाचार प्रति यस आयोगको ध्यानाकर्षण भएको छ । उक्त समाचारका अनुसार धेरै निकायहरूको वेवसाइटमा सूचना अधिकारीको नाम हुने तर सम्पर्कका लागि मोबाइल नम्बर नराख्ने गरेको पाइएको र यसबाट सर्वसाधारण नागरिक र सार्वजनिक निकायबीचको सम्बन्ध टुटाउँदै लैजाने नियतका साथ यस्तो भैरहेको भन्ने उल्लेख गरिएको छ । सो समाचारमा विभिन्न निकायका पदाधिकारीसँग प्रतिक्रिया पनि लिएर राखिएको देखियो ।

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी उल्लेख भएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनी उल्लेख भएको छ । सोही ऐनको दफा ४ को उपदफा (१) मा सूचना अधिकारी तोक्न पर्ने व्यवस्था रहेको छ । यस व्यवस्थालाई प्रभावकारी बनाउन र सर्वसाधारण नागरिकको पहुँच सहज बनाउन यस आयोगले सबै सार्वजनिक निकायलाई पटक पटक त्यस्ता सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल नं.), इमेल, कोठा नं., वेवसाइट, फ्लेक्स प्रिन्ट तथा अरु माध्यमबाट समेत सार्वजनिक गर्नु भनी आदेश गरेको अवस्था छ । आयोगबाट सार्वजनिक निकायलाई सूचना अधिकारीलाई सरकारी खर्चबाट मोबाइल, सिम र लाग्ने खर्च उपलब्ध गराउन पनि भनिएको छ । सूचना अधिकारीको विस्तृत विवरण राख्दा र सर्वसाधारण नागरिकलाई सहज हुँदा सम्बन्धित सार्वजनिक निकाय प्रति विश्वास बढ्ने हुन्छ । स्वभाविक रूपमा यो विषय सार्वजनिक निकायको दायित्वभित्र पर्ने विषय पनि हो । तसर्थ, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम सबै स्थानीय तहका सार्वजनिक निकायहरूमा देहाय बमोजिमको व्यवस्था पालना गर्न गराउन यो आदेश जारी गरिएको छ ।

**देहाय -,**

सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल), इमेल, कोठा नम्बर उल्लेख गरेको फ्लेक्स कार्यालयको प्रवेशद्वार नजिकै सबैले देख्न सहज हुने गरी राख्ने र वेवसाइट तथा अन्य प्रकाशन (वार्षिक प्रतिवेदन, बुलेटिन इत्यादी) मा पनि नियमित रूपमा राख्ने ।

(रत्नप्रसाद मैनाली)
सूचना आयुक्त

(कमला ओली थापा)
सूचना आयुक्त

(महेन्द्र मान गुरूङ्ग)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७९ साल साउन ५ गते रोज ५ शुभम् ।